# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।११।३० गते

# प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

----------------------------------------------------------------

सव डिभिजन वन कार्यालय, तारानगर कैलालीका सहायक वन अधिकृत भरत शाह र लेखापढी व्यवसायी(मध्यस्थकर्ता) पुष्प जोशीले वन कार्यालयमा अनुसन्धान भइरहेको मुद्दाको मिसिल सामान्य बनाइदिन्छु भनी सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरबाट खटिई गएको टोलीले निजहरू सहायक वन अधिकृत भरत शाह र लेखापढी व्यवसायी(मध्यस्थकर्ता) पुष्प जोशीले सेवाग्राहीसँग रु.३०,०००।-(तिस हजार) घुसबापतको रकम लिईसकेको अवस्थामा सव डिभिजन वन कार्यालय परिसरबाट मिति २०७५।११।२९ गते नियन्त्रणमा लिई अनुसन्धान कार्य भइरहेको छ ।

(मदन कोइराला)
उप-सचिव एवं सहायक प्रवक्ता